एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
NMB MICROFINANCE BITTIYA SANSTHA LIMITED
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय
पोखरा-२९, मिलनचोक, हेम्जा, कास्की
फोन : ०६१-४००४२७, ४००४७७
वेभसाइट : www.nmbmicrofinance.com

# पाँचौ वार्षिक साधारण सभाको सूचना

**(प्रथम पटक २०७४ कार्तिक १६ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित)**

आदरणीय शेयरधनी महानुभावहरु,

यस एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्थाको मिति २०७४/०७/१३ गते बसेको सञ्चालक समितिको ६५ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०७४ साल मंसिर महिना १५ गते, शुक्रवार (तदनुसार ०१ डिसेम्बर, २०१७),

**स्थान** : होटल ग्राण्ड, घारीपाटन, पोखरा, कास्की ।

**समय** : बिहानको ११:०० बजे

२. **छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७३/०७४ को पाँचौ वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,

३. आ.व. २०७४/०७५ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा,

४. आ.व. २०७३/०७४ को लेखापरीक्षक नियुक्तिका लागि नियामक निकायको निर्देशानुसार श्री जि.बि एण्ड कम्पनीको सट्टा श्री बि. आर.एस.न्यौपाने एण्ड कम्पनीलाई संञ्चालक समितिले पुरानै शर्तहरु लागु हुने गरी मिति २०७४/०४/२९ मा नियुक्त गरेकोमा सो को अनुमोदन गर्ने सम्बन्धमा, (यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट अग्रिम स्वीकृति लिई सकिएको छ ।)

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको १.३१५८ (एक दशमलब तिन एक पाँच आठ) प्रतिशतका दरले रु.१४,८२,८९५ नगद लाभांश (वोनस शेयरको कर प्रयोजनको लागि मात्र) पारित गर्ने सम्बन्धमा ।

६. संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तिन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७४ आषाढ मसान्त सम्मको चुक्ता पूँजी रु. ११ करोड २७ लाखको २५ प्रतिशतका दरले बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा,

२. बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको वर्तमान जारी तथा चुक्ता पूँजीमा वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि गरी आवश्यक संशोधन गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा,

३. सञ्चालक समितिका सदस्यहरु सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत पाउने बैठक भत्ता वृद्धि गर्ने र सोहि बमोजिम नियमावलीमा संशोधनको प्रस्ताव पारित गर्ने,

४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा,

५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा,

६. विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## पाँचौ वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाले शेयर दाखिला खारेजी २०७४ साल कार्तिक २४ गते देखि मंसिर १५ गते सम्म बन्द रहनेछ । साथै मिति २०७४ कार्तिक २३ गते सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई ७ कार्य दिन भित्र नामसारी भएका शेयरधनी साधारण सभाको लागि योग्य हुनेछन् ।

२. शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना, संक्षिप्त आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश पत्र पठाइने छ । कुनै शेयरधनी महानुभावहरुले कुनै कारणवश उपरोक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र वा आफ्नो कुनै परिचय खुल्ने प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउनुहुन अनुरोध गर्दछौं ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेशपत्र वा शेयरको प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र र सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

४. वार्षिक साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिती पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिती पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

५. वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा २९ हेम्जा, कास्कीमा दर्ता गराई सक्नुपर्नेछ ।

६. प्रतिनिधि नियुक्त गर्दा वित्तीय संस्थाको शेयरधनीलाई नै गर्नु पर्नेछ । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत रद्द भएको मानिनेछ ।

७. नावालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिल्यै नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउने छ ।

८. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछ ।

९. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. निर्वाचनको कार्य निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ । निर्वाचनको कार्य सम्बन्धी सूचना यस वित्तीय संस्थाको सूचना पाटिमा २०७४/०८/१२ गते प्रकाशन गरिने छ ।

११. साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेकका कुनै झोला, पोका वा अन्य निषेधित सामाग्री नलिई आउनुहुन अनुरोध गरिएको छ ।

**द्रष्टब्य** : *वित्तीय संस्थाको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै उक्त प्रतिवेदन शेयरधनी महानुभावहरुको सुविधाको लागि वित्तीय संस्थाको वेबसाइट www.nmbmicrofinance.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउछौं ।*